फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०७८/७९
च.नं. २१४४

मिति: २०७९।०२।२५

**विषय: आ.व. २०७८/७९ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा।**

श्री वडा कार्यालयहरू सबै,
श्री विषयगत शाखाहरू सबै,
श्री सम्पूर्ण उपभोक्ता समितिहरू सबै,
श्री सम्पूर्ण संघ संस्था तथा सरोकारवालाहरू,
इच्छाकामना गा.पा.
कुरिनटार, चितवन।

प्रस्तुत विषयका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाबाट सञ्चालित आ.व.२०७८/७९ को सम्पूर्ण कार्यक्रमहरू २०७९।०३।१५ गतेभित्र सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्नुहुन अनुरोध गरिन्छ। ***तोकिएको मितिपछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न यस गाउँपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराईन्छ।***

सङ्घीय सरकारको शसर्त कार्यक्रम, प्रदेश सरकारको शसर्त कार्यक्रम र प्रदेश पूर्वाधारतर्फको सबै योजनाको फरफारक मिति २०७९।०३।१० गतेभित्र सन्पन्न गर्नुपर्ने छ।

गाउँपालिकाबाट सञ्चालित अन्य योजना तथा कार्यक्रमहरू मिति २०७९।०३।१५ गतेभित्र कार्य सम्पन्न गरी सम्पूर्ण कागजात गाउँपालिकामा पेश गरी भुक्तानी माग गर्ने र मिति २०७९।०३।२० गतेभित्र सबै योजनाको फरफारक सम्पन्न गर्नुपर्ने छ।

आर्थिक वर्षको अन्तिम सात दिनभित्र कर दाखिला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी सो को बैङ्क भौचार को.ले.नि.का.मा बुझाउने र आ.व.२०७८/०७९ को सम्पूर्ण कारोबारको हिसाब मिलान गरी सङ्घीय सरकार, प्रदेश सरकार लगायतका निकायमा प्रतिवेदन पठाउने समेतका कामहरू आ.व. समाप्त हुनुभन्दा अगावै गरिसक्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था भएकोले मिति २०७९।०३।१५ गतेभित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा कार्यालय भुक्तानी दिन असमर्थ हुने हुँदा समय सीमाभन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ।

लेखा शाखा प्रमुख

शालिकराम नेउपाने
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं.

च.नं.

मिति:.........................

**सादर अवगतार्थ:**

श्रीमान् अध्यक्षज्यू, इच्छाकामना गाउँपालिका ।

श्रीमान् उपाध्यक्षज्यू, इच्छाकामना गाउँपालिका ।

**बोधार्थ:**

**योजना शाखा**: सम्पूर्ण उपभोक्ता समितिहरू तथा निर्माण व्यवसायीको २०७९।०३।१५ सम्म गरेको कामको असार २० गतेभित्र भुक्तानी प्रक्रिया अगाडी बढाउनुहुन ।

**प्राविधिक शाखा**: सम्पूर्ण सम्पन्न भएका कामको २०७९।०३।१५ गतेभित्र मूल्याङ्कन गरी पेश गर्नुहुन ।

**शिक्षा शाखा**: सम्पूर्ण विद्यालयहरूलाई २०७९।३।१५ गतेभित्र भुक्तानी माग गर्न ताकेता गर्नुहुन ।

**वडा कार्यालयहरू**: वडा भित्र सम्पन्न भएको सम्पूर्ण कार्यहरूको फरफारक २०७९।०३।१५ गतेभित्र सक्नुहुन ।

**सम्पूर्ण विद्यालयहरू**: २०७९।०३।१५ गतेभित्र योजनाहरूको फरफारक गर्नुहुन ।

**सम्पूर्ण उपभोक्ता समितिहरू**: २०७९।०३।१५ गतेभित्र योजनाको फरफारक गर्नुहुनु ।

**सूचना प्रविधि शाखा**: सम्पूर्ण सरोकारवालाहरूलाई जानकारी गराउनुहुन ।

............................
(पवन खरेल)
लेखा शाखा प्रमुख

लेखा शाखा प्रमुख

............................
(शालिकराम बस्याल)
प्रमुख प्रशासकीय अधिकृत

शालिकराम बस्याल
प्रमुख प्रशासकीय अधिकृत